# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, माघ २९ गते, २०८२ साल (संख्या ६३


## भाग ५

### नेपाल सरकार

### कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

### सूचना

नेपाल सरकार (मन्त्रीस्तर) ले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खाद्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धी खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७।१०।२३, नेपाल राजपत्र भाग ३ तथा खण्ड ७५, सङ्ख्या ५८, मिति २०८२।१०।०५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आदेशको प्रकरण ०७ को खाद्यान्न, दलहन तथा सोबाट बनेका पदार्थहरू (Cereal,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Pulse and their Products) को सङ्केत नं. ०७.३१ पछि देहायको सङ्केत नं. ०७.३२ थप गरी सोया बरीको गुणस्तर देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

**"०७.३२ सोया बरी (Soya Bari)**

**१. गुणस्तरको क्षेत्र (Scope)**

यो गुणस्तर मानव उपभोगको लागि उत्पादन तथा प्याकेजिङ्ग गरिएको सोया बरीको सम्बन्धमा लागू हुनेछ ।

**२. परिचय (Description)**

"सोया बरी" भन्नाले तेल निकालिएको (Defatted) भटमासको पिठो, ग्रिट्स (Grits) वा दलियामा अन्य उपभोगयोग्य वनस्पतिजन्य प्रोटिन राखी वा नराखी एक्सट्रुजन (Extrusion) प्रविधिबाट तयार गरिएको टेक्स्चराइज्ड सुख्खा सोया प्रोडक्ट (Texturized dried soya product) सम्झनु पर्छ। सोया बरीले सोया चङ्क, सोया बडि, सोया ग्रानुल्स, सोया नगेट्स (Soya Chunk, Soya Badi, Soya Granules, Soya Nuggets) समेतलाई जनाउँछ। यसमा अन्य खाद्य पदार्थ प्रयोग गर्नु पर्ने भएमा बढीमा तीन प्रतिशतसम्म प्रयोग गर्न सकिनेछ।

**३. आवश्यक गुणस्तर परिधि (Essential Composition and Quality Factors)**

सोया बरी स्वच्छ, सफा, चारित्रिक स्वाद र बास्ना भएको हुनु पर्नेछ। ढुसी तथा किरा लागेको र सडेको हुनु हुँदैन। साथै सोया बरीमा प्रयोग हुने सम्मिश्रण (Ingredients) बाहेक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै पनि किसिमका जैविक तथा अजैविक बाह्य पदार्थ (Organic and inorganic extraneous matter) को उपस्थिति हुनु हुँदैन। सोया बरीमा बाह्य रङ्ग, सुगन्ध तथा द्वितीय श्रेणीका परिरक्षी प्रयोग गर्न पाइने छैन । सोया बरीमा देहाय बमोजिमको मापदण्ड पूरा भएको हुनु पर्नेछ :-

| क्र.सं. | चारित्रिक गुण | मात्रा |
|---|---|---|
| १. | जलाङ्श, प्रतिशत तौलको आधारमा, बढीमा (Moisture, percent by mass, maximum) | १०.० |
| २. | क्रुड प्रोटिन*, प्रतिशत सुख्खा तौलको आधारमा, घटीमा (Crude protein, percent on dry mass basis, minimum) | ४५.० |
| ३. | कुल भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Total ash, percent on dry mass basis, maximum) | ८.० |
| ४. | क्रुड फाइबर, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Crude fiber, percent on dry mass basis, maximum) | ३.५ |
| ५. | एसिडमा नघुल्ने भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Acid insoluble ash, percent on dry mass basis, maximum) | ०.३ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६. | हेक्जेन वा अन्य अर्गानिक सोलभेन्ट, मिलिग्राम प्रति किलोग्राम, बढीमा (Hexane or other organic solvents, mg/kg, maximum) | १०.० |
| ७. | टोटल अफ्लाटक्सिन, माइक्रोग्राम प्रति किलोग्राम, बढीमा (Total aflatoxin, µg/kg, maximum) | १५.० |

* क्रुड प्रोटिन प्रतिशत = नाइट्रोजन प्रतिशत (% N) × ६.२५

**द्रस्टव्यः**

(क) "जैविक बाह्य पदार्थ (Organic extraneous matter)" भन्नाले कपाल/रौं, भूस, चोकर, परालका टुक्रा, अखाद्य दाना, जिउँदो वा मरेको किरा/मुसा वा सोको अंश, पशुपन्छी तथा वनस्पतिजन्य अन्य फोहोर पदार्थजस्ता अखाद्य पदार्थ सम्झनु पर्दछ।

(ख) "अजैविक बाह्य पदार्थ (Inorganic extraneous matter)" भन्नाले ढुङ्गा, माटो, बालुवा, काँच (सिसा), प्लाष्टिक तथा धातुका टुक्रा जस्ता अखाद्य पदार्थ सम्झनु पर्दछ।

## ४. कन्टामिनेन्ट्स (Contaminants ), टक्सिन्स (Toxins) तथा अवशेष (Residues)

सोया बरीमा कन्टामिनेन्ट्स (Contaminants) (जस्तैः जीवनाशक विषादीको अवशेष, हेभी मेटल्स (Heavy metals), सुक्ष्म जीवाणु तथा अन्य टक्सिन (Toxin) लगायत हानीकारक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तत्त्वका अवशेष) को अधिकतम मात्रा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम हुनेछ।

**५. स्वच्छता (Hygiene) सम्बन्धी व्यवस्था**

सोया बरीको उत्पादन, प्याकेजिङ्ग, ह्याण्डलिङ्ग, भण्डारण तथा ढुवानीमा स्वच्छता तथा गुणस्तर कायम गर्ने सम्बन्धी व्यवस्था नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम हुनेछ।

**६. प्याकेजिङ्ग र लेबलिङ्ग सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

सोया बरीलाई सफा र सुख्खा खाद्य ग्रेडको प्याकेजिङ्ग सामग्रीमा सिलबन्द गरी प्याकेजिङ्ग गर्नु पर्नेछ। प्याकेजिङ्ग गरिएको सोया बरीको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले तोके बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ।

**द्रष्टव्य** : यो सूचना बमोजिमको व्यवस्था नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एक सय एकासिऔं दिनबाट लागू हुनेछ।"

**आज्ञाले,**
**डा. राजेन्द्र प्रसाद मिश्र**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।